




**DAILAB JUKU SERIES 11 @ Kalimpong Science Center, Organized by HIMSFAR**





**HIMSFAR felicitated Sunil Kaul and Renu Wadhwa as Honorary Fellows of the Society**



Sajid Ali



Renu Wadhwa



B. B. Gurung



Dhrubajyoti De, IPS
Superintendent of Police



Sunil Kaul

**Addressing the students and faculty from local schools & colleges**
**Scientific talks on molecular biology of ashwagandha and honeybee propolis activities**



Students from local schools attended the function


कालिम्पोंग विज्ञान केन्द्र

हिमालय दर्पण

साइन्स सेण्टरमा क्यान्सर बायलजीमाथि वार्ता

# डा. सुनील कौल अनि रेणु वाधवालाई अनरेरी फेलो




**कालेबुङ, ३० मार्च (निसं)।** हिमालयन साइन्टिफिक सोसाइटी फर फन्डामेन्टल एन्ड अप्लाइड रिसर्च (हिम्सफार) अनि कालेबुङ साइन्स सेन्टरको संयुक्त तत्त्वावधानमा एक दिवसीय सेमिनार सम्पन्न भयो। स्रोतव्यक्तिका रूपमा डा. सुनील कौल अनि डा. रेणु वाधवालाई आमन्त्रित गरिएका थिए। विश्वको ख्यातिप्राप्त क्यान्सर बायलजिस्टहरूले उनीहरूले यस क्षेत्रमा के कस्ता शोध कार्यहरू गरेका छन् अनि के कस्ता शोध गरिरहेका छन् उक्त विषयमाथि पावर प्वाइन्ट मार्फत् साझा गरे। कालेबुङका छोरो डा. सुनील कौल अनि डा. रेणु वाधवालाई सोसाइटीको तर्फबाट अनरेरी फेलोले सम्मानित गरियो। अनरेरी फेलो कालेबुङका पुलिस अधिक्षक ध्रुवज्योति डेको बाहुलीबाट प्रदान गरियो। कार्यक्रममा डा. बी. बी. गुरुङ, डा. शरद गुरुङ, डा. चिनयराज शर्मा, डा. साजिद अली, डा. सुनील सिंह, डा. मञ्जय सिंह, डा. जयश्री प्रधान, डा. सरोज थापा, डा. प्रणय कान्छा, हिरण गौतम, प्रवीण राई, रत्नवीर, पुरुषोत्तम ठाकुर, रोशन विष्ट आदिलगायत कालेबुङ महाविद्यालय, एस. यु. एम. आई., कुमुदिनी होम्स, गणेश उच्च विद्यालय, कालेबुङ कन्या उच्चतर माध्यमिक विद्यालय, समष्टि ज्ञानपीठ, रकभेल एकाडेमीका विद्यार्थीहरूलगायत शिक्षक-शिक्षिकाहरूका उपस्थिति थिए। कार्यक्रममा प्रमुख अतिथि ध्रुवज्योति डे-ले कार्यक्रमबिच स्रोत व्यक्तिलाई जापानिसहरूको दीर्घजीवी (लाइफ एक्सपेक्टेन्सी) राम्रो हुनुको कारणमाथि पनि बताइदिने अनुरोध गरे जसको कारण भविष्यमा कालेबुङमा सरकार पक्षबाट वेलनेस सेन्टरको स्थापना गर्नमा सहयोग पुगोस्। कार्यक्रममा काशीनाथ कौल परिवारको पक्षबाट डा. रेणु वाधवाले काशीनाथ कौल पुरस्कारको पनि घोषणा गरिन्। यो पुरस्कार वर्षमा एकपल्ट प्रदान गरिने छ जसको छनौट नानीहरूबिच पावर प्वाइन्टमार्फत् प्रतियोगिता गरिने छ। प्रतियोगितामा विजयी कलेजलाई पुरस्कार राशि पच्चीस हजार रुपियाँ दिइने छ।

कार्यक्रममा स्वागत भाषण डा. बी. बी. गुरुङले राखेका थिए। डा. साजिद अली अनि डा. चिनयराज शर्मा क्रमैले डा. सुनील कौल अनि डा. रेणु वाधवाको शैक्षिक विवरण पाठ गरेका थिए। दीप प्रज्वलन गरेर शुरू गरिएको उक्त कार्यक्रम गणेश उच्च विद्यालयका सह-शिक्षक एवं चर्चित क्विज मास्टर सुरजमणि प्रधानले सञ्चालन गरेका थिए।